## भौगोलिक तथा धरातलीय अवस्थिति

सुर्खेत जिल्लाका ९ वटा स्थानीय निकायहरू मध्ये बराहताल गाउँपालिका साविकको निर्वाचन क्षेत्र नं ३ अर्न्तगत पर्दछ । सुर्खेत जिल्लाको पश्चिममा अवस्थित बराहताल गाउँपालिको क्षेत्रफल ४५५.०९ वर्ग कि.मी. र वीरेन्द्रनगर नगरपालिका देखि ९ कोषको दुरीमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा वीरेन्द्रनगर, दक्षिणमा भेरी नदी तथा कैलालीको जिल्लाको भाग, उत्तरतर्फ कर्णाली नदी तथा दैलेख जिल्लाको भाग,पश्चिममापञ्चपुरी नगरपालिकाको भाग रहेको छ । समुद्री सतहको ६०० मिटर देखि १२०० मिटर सम्मको उचाइमा अवस्थित यस बराहताल गाउँपालिकाको केन्द्र विन्दु वा सदरमुकाम वा व्यापारिक क्षेत्रका रूपमा बड्डीचौर बजार रहेको छ। यो गाउँपालिका सुर्खेत उपत्यकाको विस्तारित क्षेत्रको रूपमा रहेको छ र धेरैजसो जंगल क्षेत्र रहेको गाउँपालिकाको मोहडा दक्षिणतिर ढल्केर रहेकोछ । यो गाउँपालिका जिल्लाको पश्चिमको केन्द्र हो भने पश्चिम नाकाबाट वीरेन्द्रनगर तथा सुर्खेत उपत्यकाको प्रवेशद्वार पनि हो। यो गाउँपालिका प्राकृतिक स्रोत साधनको हिसाबले धनी र नमुनायोग्य मानिन्छ।

## २.६ क्षेत्रफल

सुर्खेत जिल्लाका ९ वटा स्थानीय निकायहरू मध्य क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो (४५५.०९वर्ग कि.मी.) क्षेत्रफल भएको यो गाउँपालिका स्रोत तथा संम्भावनाका हिसाबले अन्य गाउँपालिकाभन्दा सक्षम तथाविकासका हिसाबले पिछडिएको मानिन्छ। त्यसैगरि वडा अनुसार क्षेत्रफल हेर्दा बराहताल गाँउपालिकाका वडा नं १ को क्षेत्रफल ४२.५८ वर्ग किलोमिटर वडा नं २ को क्षेत्रफल ५६.७६ वर्ग किलोमिटर वडा नं ३ को क्षेत्रफल ५८.५१ वर्ग किलोमिटर वडा नं ४ को क्षेत्रफल ७०.०७ वर्ग किलोमिटर वडा नं ५ को क्षेत्रफल ३३.६३ वर्ग किलोमिटर वडा नं ६ को क्षेत्रफल ३५.२२ वर्ग किलोमिटर वडा नं ७ को क्षेत्रफल ४२.६० वर्ग किलोमिटर वडा नं ८ को क्षेत्रफल ५८ वर्ग किलोमिटर वडा नं ९ को क्षेत्रफल २३.८८ वर्ग किलोमिटर र वडा नं. १० को ३३.१८ वर्ग किलोमिटर गरि कुल ४५५.९ वर्ग कि.मी. रहेकोछ ।

## भौगोलिक स्वरूप

सुर्खेत जिल्लाको पश्चिम भागमा अवस्थित बराहताल गाउँपालिका भौगोलिक दृष्टिले यसको धेरैजसो भुभाग महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चटान युक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको,साना ताल तलैया, साजघाट, तरंगा उपत्यका, तथा भेरी नदीले बनाएको उपत्यकाहरू, सोतखोला र धनीगाड खोलाले बनाएका किनारीय भुखण्डहरू र महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ । समुद्र सतहको ३०० मिटर देखि २२०० मिटरसम्म उचाइमा अवस्थित यस गाउँपालिका पूर्ववाट पश्चिमतर्फ फैलिएर रहेको छ। उर्वर भूमि र विशाल जंगल क्षेत्रले ओगटेको यस गाउँपालिका दोमट बलौटे माटोको भुखण्डले बनेको छ।

जिल्लाको भौगोलिक तथा धरातलीय अवस्था अनुसार सुर्खेत जिल्लालाई मुख्यतया चार प्रकारको हावापानी पाइने क्षेत्रहरूमा विभाजन गरिएको छ । सोही भौगोलिक तथा भुधरातलीय क्षेत्रको आधारमा बराहताल गाउँपालिकाको धेरै

जसो भू-भाग समुन्द्री सतहको ४०० देखि १५०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अम्रिसो, बनस्पती पनि प्रशस्त पाइन्छ ।

यस भु-भागमा औषत १०० मि.लि. भन्दा बढी नै वर्षा हुने गर्दछ । यस गाउँपालिकाको केन्द्रविन्दु वा सदरमुकाम भनेर चिनिने बड्डीचौर बजारको उचाइ समुद्री सतह देखि ५४८ मिटरमा रहेको छ ।

तालिका४ : बराहताल गाउँपालिकाको बर्षा तथा तापक्रको विवरण

| Month | Jan. | Feb. | Mar. | Apr. | May. | June. | July | Aug. | Sept. | Oct. | Nov. | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औषत अधिकतम तापक्रम (0<sup>C</sup>) | २२.४ | २४.५ | २९.८ | ३४.२ | ३७.५ | ३६ | ३२.५ | ३२.३ | ३३.१ | ३०.८ | २७.८ | २३.७ |
| औषतन्यूनतम तापक्रम (0<sup>C</sup>) | ५.९ | ७.९ | ११ | १४.७ | १९.१ | २२.६ | २३.३ | २६.८ | २२.५ | १७.७ | १३.१ | ८.२ |

श्रोत : मध्य तथा सुदुरपश्चिम क्षेत्रीय हावापानी कार्यालय, सुर्खेत २०७४

## वर्तमान भू-उपयोग सम्बन्धी विवरण

सुर्खेत जिल्लाको भु–वनोटलाई हेर्दा जिल्लाको कुल क्षेत्रफल २,४९०१६ हेक्टर रहेको छ । त्यसमा वन जंगल १७७,८५४.७ हेक्टर, कृषि योग्य जमिन ५२,२०० र अन्य १८,९६१.३० हेक्टरले ओगटेको छ । यसैगरीबराहतालगाँउपालिका अन्तर्गत रहेको कुल जग्गाको क्षेत्रफल ५९२०१ हेक्टर रहेकोछ ।कृषियोग्य जमिनको क्षेत्रफल७८०९ हेक्टर रहेकोछ । खेती गरिएको जमिन ४४४५ हेक्टर रहेकोछ र सिंचित क्षत्रफल २२१७ हेक्टर रहेकोछ ।सदरमुकामबाट सबैभन्दा नजिकको गाँउ तरंगा र सबैभन्दा टाढाको गाँउ पोखरीकाँडा रहेकोछ ।

यस गाँउपालिकाको वडा नं १ र २ साविकको हरिहरपुरगा.वि.स. अन्तर्गतकोकृषियोग्य जमिनको सम्पूर्ण भू-भागको लगभग ८५ प्रतिशत भू-भाग खाद्यान्न वालीको लागि प्रयोग भएको छ भने १० प्रतिशत दलहन र तेलहन वालीको लागि प्रयोग भइरहेको अवस्था छ । यहा विशेष गरि धान, गहुँ, मकै, जौ, तोरी,केराउ, सिलङ्गी, तिल जस्ता खाद्यान्न तथा दलहन, तेलहन खेती एवं अन्य नगदेवाली समेत लगाइएता पनि पर्याप्त मात्रामा उत्पादन भने हुन सक्दैन जसको कारण वाहिरवाट आयात गर्नु पर्ने अवस्था छ ।

यस गाँउपालिकाका वडा नं ३ र ४मा अवस्थित साविकको तरंगा गा.वि.स. को भू-बनोटलाई हेर्दा चुरिया श्रृंखलाको ३०० मी. देखि १५०० मी. सम्म को उचाईमा फैलिएको कमजोर भू-संरचना भएको कंकड बलौटे माटोको अधिकता रहेको कृषि भन्दा वन सम्पदाका लागि उपयोगी जमिन रहेको भू-खण्डले यस गा.वि.स. बनेको छ । यस गा.वि.स. मा चुरिया श्रृंखलाको मन्द ढालयुक्त पहाडी क्षेत्र तथा भेरी नदीले बनाएको विशाल उपत्यका यस गा.वि.स. मा पर्दछन् ।

धरातलीय बनोटका हिसाबले यस गा.वि.स. मा १५०० मी. उचाई भएको चुरिया श्रृंखलाको पहाडी क्षेत्र जहाँ १० डिग्री सेन्टिग्रेट भन्दा माथि र २० डिग्री सेन्टिग्रेट भन्दा कम तापक्रम रहने क्षेत्र देखि भेरी नदीले बनाएका तटिय उपत्यकाहरू जहाँ ३०५ मी.सम्म उचाई रहेका कुटा तथा ३२० मी. उचाई भएको साजघाट, तरंगा उपत्यकामा पर्ने भएकोले यहाँ तापक्रम उच्च नै हुन्छ भने औषत वर्षा १०० से.मी. भन्दा बढि नै हुने गर्छ।

बराहताल गाँउपालिकाका वडा नं ५ र ८ मा साविको कुनाथरीगा.वि.स. धेरैजसो भुभाग महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, साना ताल तलैया, उपत्यका तथा भेरी नदी, सोतखोला र धनीगाड खोलाले बनाएका किनारीय भुखण्डहरू र महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ । समुद्र सतहको ६०० मिटर देखि १२०० मिटरसम्म उचाइमा अवस्थित यस क्षेत्रको भु-भाग पूर्ववाट पश्चिमतर्फ फैलिएर रहेको छ । उर्वर भूमी र विशाल जंगल क्षेत्रले ओगटेको वडाहरूमा दोमट बलौटे माटोको भुखण्डले बनेको छ । भौगोलिक तथा भुधरातलिय क्षेत्रको आधारमा यी वडाहरूको धेरै जसो भु-भाग समुद्री सतहको ६०० देखि १२०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ।

बराहताल गाँउपालिकाको वडा नं ६ र ७ साबिकको पोखरीकांडा गा.वि.स.को भू-भाग विशेषगरि उत्तरदेखि दक्षिण भिरालो भई फैलिएको छ। यहाँको भू-भाग समुन्द्री सतहदेखि ६११ मीटर उचाईदेखि २१५० मीटर उचाईसम्म उत्तर दक्षिण फैलिएको छ। यो गाँउ २८॰ ४३ उत्तर देखि २८॰ ४८ उत्तर सम्म र ८१॰ २३ पूर्व देखि ८१॰ ३४ पूर्व सम्म फैलिएको छ ।यी वडाहरूको अधिकांश भाग जङ्गल द्वारा संरक्षित भएकोले थोरै मात्र खेतीयोग्य जमिन रहेको छ। यस क्षेत्रका वडाहरूमा कृषियोग्य जमिन प्रयाप्त भएता पनि सिचाई सुविधाको कमि भएकाले करिव ३५ प्रतिशत भु-भागमा मात्र खेती गरिएको छ।

बराहताल गाँउपालिका वडा न ९ र १० को सम्पूर्ण भू–भागको लगभग ६० प्रतिशत भू–भाग खाद्यान्न वालिको लागि प्रयोग भएकोछ। त्यसैगरि१४ प्रतिशत दालहन र तेलहनको लागि प्रयोग भएको छ। यहा विशेष गरि धान मकै गहु, जौ जस्ता खाद्यान्न र दलहन तथा तेलहन एवं अन्य नगदे वाली समेत लगाईन्छ। यो महाभारत श्रृङ्खलाको १००० मि. देखि २२०० मि. उचाइ सम्म रही पूर्वबाट पश्चिम तर्फ फैलिएको र यस क्षेत्रको भुबनोट चटान युक्त र कंकड खैरो माटोको अधिकतमताले बनेको छ। विशेष गरि महाभारतको तल्लो भुभाग ले बनेको यहाँको भू-सतह उर्बर माटोले बनेको छ

## सिञ्चित क्षेत्र

जलसम्पदाको हिसाबले यो गाउँपालिकाका केही वडाहरू सम्पन्नशाली मानिन्छन् । महाभारत श्रृङ्खला अन्तरगत अवस्थित रहेको यस क्षेत्र भित्र साना खोल्सा खोल्सी देखि ठुला खोलाहरू रहेका छन् । मुख्य खोलाहरूमा सोत खोला,गिरिघाट खोला,खेत खोली, टाटी खोली, लिस्ने खोला, बेतेली खोला, उदो खोला, सिमल चौर खोला,बिउरेनी

खोला, आदि रहेका छन् । तिनै खोलाहरू बाट मौसमी सिचाइ तथा पानी घट्ट चलेका छन् । यस गाँउपालिका अन्तर्गत रहेका विभिन्न वडाहरूमा रहेको कृषियोग्य जमिन,खेती गरिएको क्षेत्रफल र सिंचित क्षेत्र आदिको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका७ : वडा अनुसार कृषि योग्य जमिन र सिञ्चित क्षेत्रफल

| वडा न | साविकको गा.वि.स. | सदरमुकामबाट दुरी (कोष) | कुल क्षेत्रफल (हे ) | कृषियोग्य जमिनको क्षेत्रफल (हे) | खेती गरिएको जमिन (हे) | सिंचित क्षेत्रफल (हे) |
|---|---|---|---|---|---|---|
| १ | हरिहरपुर | | | | | |
| २ | हरिहरपुर | १० | ६८२८ | ५२५ | ५०९ | २५९ |
| ३ | तरंगा | | | | | |
| ४ | तरंगा | ५ | ९२४५ | ८९९ | ७८३ | ५६१ |
| ५ | कुनाथरी | ९ | १४०४५ | १०९३ | ५५० | १८९ |
| ६ | पोखरीकाँडा | | | | | |
| ७ | पोखरीकाँडा | ११ | ६६५४ | १२४९ | ४६१ | १५६ |
| ८ | कुनाथरी | ९ | १४०४५ | १०९३ | ५५० | १८९ |
| ९ | लेखगाउँ | | | | | |
| १० | लेखगाउँ | ६ | ४०८० | १२७४ | ७५८ | ५५१ |
| | जम्मा | | ५९२१० | ७८०९ | ४,४४६ | २,२१७ |

स्रोत : जिल्ला कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, आ.व. २०६७/२०६८